वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड
Womi Laghubitta Bittiya Sanstha Ltd.
(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजत प्राप्त वित्तीय संस्था)
दर्ता नं: १२९६/०६७/०६८
पान नं: ६००१०९९९२
केन्द्रीय कार्यालय, भरतपुर-१२, चितवन
फोनः ०५६-५२०४०६, फ्याक्सः ०५६-५२०४०८

प.सं. प्र – ८९
च.नं. १३१/०७५/७६

मिति : २०७५।१०।१९

श्री नेपाल स्टक एक्सचेन्ज लि.
काठमाण्डौं ।

**विषय : बिशेष साधारण सभा प्रयोजनको लागि शेयर दाखिल खारेज बन्द गर्ने बारे ।**

महाशय ,

यस वित्तीय संस्थाको बिशेष साधारण सभा २०७५ फाल्गुण ६ गते सोमबार हुने भएकोले बिशेष साधारण सभा प्रयोजनको लागि मिति २०७५।१०।२८ गते एक दिन शेयर दाखिल खारेज बन्द रहने व्यहोरा मिति २०७५।१०।१८ गते शुक्रवार बसेको सञ्चालक समितिको ११५औं वैठकको निर्णयानुसार अनुरोध गरिन्छ । बिशेष साधारण सभा बस्ने बारेको सूचना तथा छलफलका विषयहरु सहितको सूचना आज मिति २०७५।१०।१९ गतेको अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिकमा प्रकाशित गरिएको सूचना यसै साथ संलग्न गरी तहाँ पेश गरिएको व्यहोरा समेत अनुरोध गरिन्छ ।

संलग्न
प्रकाशित गरिएको सूचना - १ प्रति

भवदीय

............

(प्रमेश आचार्य)
प्रमुख कार्यकारी अधिकृत एवं कम्पनी सचिव

वोधार्थ
१. श्री नेपाल धितोपत्र बोर्ड, जावलाखेल, ललितपुर
२. श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलिसडक, काठमाण्डौं
३. श्री सिद्धार्थ क्यापिटल लिमिटेड, काठमाण्डौं ।

मिति २०७५ माघ १९ गतेको अन्नपूर्ण पोष्ट राष्ट्रीय दैनिकमा प्रकाशित (पेज नं. 6)

# वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड
## WOMI LAGHUBITTA BITTIYA SANSTHA LTD.


(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालयः भरतपुर-१२, चितवन, फोन नं.: ०५६-५२०४०६, ५२०४०८

ईमेल : womimf@hotmail.com वेवसाईटः www.womimfi.com


## विशेष साधारण सभाको सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति : २०७५/१०/१९ )

मिति २०७५ माघ १८ गते शुक्रबार बसेको संचालक समितिको ११५ औं बैठकको निर्णयानुसार यस वित्तीय संस्थाको विशेष साधारण सभा निम्न मिति, समय र स्थानमा देहायमा उल्लिखित छलफलका विषयहरुमा छलफल गर्न बस्ने भएको हुँदा कम्पनी ऐन २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनि महानुभावहरुको उपस्थितीको लागि अनुरोध गरिन्छ ।

**सभा हुने मिति, समय र स्थान :**

**मिति** : २०७५ फाल्गुण ६ गते सोमवार (तद्नुसार १८ फेब्रुअरी, २०१९)

**समय** : विहान ११:०० बजे

**स्थान** : धुनिवेशी नगरपालिका, खानीखोला, धादिङ स्थित नौबिसे एग्रो रिसोर्टको सभाहल ।

**छलफलका विषयहरु :**

**क) विशेष प्रस्तावहरु :**

१. संस्थाको हाल कायम चुक्ता पूँजी रु १०,१०,८८,०००/- (दश करोड दश लाख अठासी हजार) को १०० प्रतिशतका दरले हकप्रद शेयर जारी गर्ने र सो प्रयोजनका लागि आवश्यक काम कारवाही गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

२. हकप्रद शेयर जारी गरिए अनुरुप संस्थाको अधिकृत, जारी तथा चुक्ता पूँजी बृद्धि गर्ने सम्बन्धमा ।

३. संस्थाको प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने सम्बन्धि प्रस्ताव पारित गर्ने तथा उक्त संशोधनमा नेपाल राष्ट्र बैंक वा अन्य नियमनकारी निकायले फेरवदल गरेमा वा गर्न निर्देशन दिएमा सो अनुरुप आवश्यक संशोधन तथा परिमार्जन गर्न सञ्चालक समितिलाई अख्तियारी दिन स्वीकृत गर्ने ।

**ख) विविध प्रस्तावः**

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

## विशेष साधारण सभा सम्बन्धी थप जानकारी

१. विशेष साधारण सभा प्रयोजनका लागि वित्तीय संस्थाको शेयर दाखिल खारेज २०७५ माघ २८ गते एक दिन बन्द रहनेछ ।

२. शेयरधनी दर्ता पुस्तीका बन्द भएको मितिमा कायम शेयरधनी महानुभावहरुको ठेगानामा विशेष साधारण सभाको सूचना, प्रोक्सी फारम र प्रवेशपत्र पठाइने छ । कुनै शेयरधनी महानुभावहरुले कुनै कारणवश उपरोक्त सूचना नपाउनु भएमा यसै सूचनालाई आधार मानी आफ्नो कुनै सक्कल परिचय पत्र साथमा लिइ आउनुहुन अनुरोध छ ।

३. सभामा भाग लिनको लागि प्रतिनिधि प्रोक्सी नियुक्त गर्न चाहने शेयरधनीहरुले प्रोक्सी फारम कम्पनीको केन्द्रीय कार्यालय, भरतपुरमा सभा हुनुभन्दा कम्तिमा ४८ घण्टा अगावै दर्ता गरिसक्नु पर्नेछ । यसरी प्रतिनिधि नियुक्त गरिएको व्यक्ती समेत संस्थाको शेयरधनी हुनु आवश्यक छ ।

४. कुनै शेयरधनी महानुभावहरुलाई वित्तीय संस्थाको सम्बन्धमा केही जिज्ञाशा भए त्यस्तो व्यहोरा लिखित रुपमा सभा हुनुभन्दा कम्तिमा ७ (सात) दिन अगावै वित्तीय संस्थाको केन्द्रीय कार्यालयमा पठाउनुहुन अनुरोध गर्दछौं । प्रेषित विषयलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन ।

५. सभाको दिन सभा हुनुभन्दा एक घण्टा अगावै देखि शेयरधनी हाजिरी पुस्तीका खुला रहने छ ।

६. नाबालक वा विक्षिप्त शेयरधनीहरुको हकमा वित्तीय संस्थाको शेयरधनी दर्ता पुस्तिकामा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तीले मात्र सभामा भाग लिन वा प्रतिनिधी (प्रोक्सी) तोक्न सक्नेछ ।

७. सभामा भाग लिन आउँदा, जाँदा लागेका खर्च लगायत कुनै प्रकारको खर्चको सोधभर्ना संस्थाले नदिने व्यहोरा अनुरोध छ ।

८. विशेष साधारण सभा सम्बन्धि थप जानकारी चाहिएमा संस्थाको केन्द्रीय कार्यालयको टेलिफोन नं. ०५६-५२०४०६ वा ०५६-५२०४०८ मा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।